आज मिति २०८२ माघ १३ गते मंगलवारका दिन नीलकण्ठ नगर-कार्यपालिकाको वैठक नगर प्रमुख श्री भीमप्रसाद ढुंगानाज्यूको अध्यक्षतामा देहायका पदाधिकारीहरुको उपस्थितिमा बसी निम्न प्रस्तावहरुमा छलफल तथा निर्णय गरियो।

## उपस्थिति

१. नगर प्रमुख श्री भीमप्रसाद ढुंगाना

२. नगर उप-प्रमुख श्री दिपक विश्वकर्मा

३. प्रमुख प्रशासकीय अधिकृत श्री हरिदत्त कंडेल (सचिव)

४. वडा अध्यक्ष श्री गणेश वहादुर गुरुङ

५. वडा अध्यक्ष श्री ध्वज वहादुर गुरुङ

६. वडा अध्यक्ष श्री राजकुमार श्रेष्ठ

७. वडा अध्यक्ष श्री हरि वहादुर श्रेष्ठ

८. वडा अध्यक्ष श्री राम वहादुर श्रेष्ठ

९. वडा अध्यक्ष श्री भुपेन्द्र कुमार श्रेष्ठ

१०. वडा अध्यक्ष श्री गौतमहरि अधिकारी

११. वडा अध्यक्ष श्री प्रकाशकुमार श्रेष्ठ

१२. वडा अध्यक्ष श्री राजन वराइली

१३. वडा अध्यक्ष श्री सरोज पाण्डे

१४. वडा अध्यक्ष श्री राम वहादुर श्रेष्ठ

१५. वडा अध्यक्ष श्री धर्मराज भण्डारी

१६. वडा अध्यक्ष श्री सोम वहादुर गुरुङ

१७. वडा अध्यक्ष श्री नमराज दुवाडी

१८. कार्यपालिका सदस्य श्री चिनामाया श्रेष्ठ

१९. कार्यपालिका सदस्य श्री राम्री नेपाली

२०. कार्यपालिका सदस्य श्री छनुंमाया गुरुङ

२१. कार्यपालिका सदस्य श्री शान्ता थापा

२२. कार्यपालिका सदस्य श्री विशाल रोक्का

२३. कार्यपालिका सदस्य श्री लक्ष्मण रम्तेल

२४. कार्यपालिका सदस्य श्री मञ्जु थापामगर

२५. का.वा.अध्यक्ष श्री राजन अधिकारी वडा नं.७

अन्य आमन्त्रित उपस्थिति

सरोज त्रिपाठी

मितिः २०८२।१०।१३ गते

**<u>वैठकमा छलफलका विषयहरुः</u>**

१. १८ औं नगर अधिवेशनका सम्वन्धमा।

२. महालेखा परिक्षकको अन्तिम लेखा परीक्षण प्रतिवेदन तथा सो सम्वन्धी अन्य व्यवस्थापनका सम्वन्धमा।

३. नीजि वन दर्ता गर्ने सम्वन्धमा।

४. नयाँ ट्र्याक निर्माण सम्वन्धी योजना सम्झौता तथा कार्यान्वयन गर्ने सम्वन्धमा।

५. मिति २०८२ पौषमसान्त सम्मको आर्थिक तथा वित्तिय प्रगति समिक्षाका सम्वन्धमा।

६. मिति २०८२ पौषमसान्त सम्मको जिन्सी प्रतिवेदन समिक्षाका सम्वन्धमा।

७. मिति २०८२ पौष मसान्त सम्मका सम्पूर्ण निर्णयहरु उपर समिक्षा गर्ने सम्वन्धमा।

८. अन्य विविध विषयहरुका सम्वन्धमा।

स्थानीय सरकार

नीलकण्ठ नगरपालिका

# नगर कार्यपालिकाको बैठक

मितिः २०८२।१०।१३ गते

**निर्णयहरुः**

१. **१८ औं नगर सभाका सम्वन्धमाः**

नीलकण्ठ नगरपालिकाको १७ औं अधिवेशनवाट चालु आर्थिक वर्ष २०८२/०८३ को लागि स्वीकृत नीति, कार्यक्रम तथा वजेटका सम्वन्धमा एवम् आर्थिक ऐन तथा विनियोजन ऐन, २०८२ का सम्वन्धमा कार्य प्रगति सहित आवश्यक संशोधान, छलफल तथा निर्णयका लागि यस नगरपालिकाको १८ औ अधविशन मति २०८२ माघ १४ गते वुधवारका दिन प्रारम्भ गर्ने गरी मिति, समय र स्थानको तय गरिएकोमा नेपाल सरकारद्वारा निर्धारित प्रतिनिधि सभा सदस्यको निर्वाचन-२०८२ मा प्रतिकुल असर पर्ने गरी सभा सम्मेलन आदि जस्ता गतिविधि सञ्चालन नगर्न/नगराउन आचारसहिता जारी भएको हुँदा आगामी नगर सभाको मिति पछि निर्धारण गर्ने गरी पूर्वनिर्धारित मिति र समयमा सभा सञ्चालन नहुने व्यहोरा नगर सभा सदस्यहरुलाई जानकारी गराउने निर्णय गरियो।

२. **महालेखा परिक्षकको अन्तिम लेखा परिक्षण प्रतिवेदन तथा सो सम्वन्धी अन्य व्यवस्थापनका सम्वन्धमाः**

आ.व. २०७६/२०७७, २०७७/०७८ तथा आ.व.२०७८/०७९ को यस नगरपालिकाको स्वीकृत नीति, कार्यक्रम र वजेट कार्यान्वयनका सम्वन्धमा भएको अन्तिम लेखा परिक्षणको सिलसिलामा देखिएको अन्तिम प्रतिवेदन उपर लेखा समितिको वैठकवाट नियमित गर्न सिफारिस गरिएको नियमित गर्नुपर्ने वेरुजु र असुल गर्नुपर्ने वेरुजुका सम्वन्धमा महालेखा परिक्षकको कार्यालयवाट गरिएको अन्तिम लेखा परिक्षण प्रतिवेदनमा उल्लिखीत विषयवस्तुहरु उपर छलफल भै प्रतिवेदनले औंल्याएका वेरुजुहरु नियमित गर्नुपर्ने भए आवश्यक कागजातको आधारमा नियमित गर्ने र असुल गर्नुपर्ने भए सरोकारवाला निकायहरुवाट असुलीका लागि आवश्यक प्रक्रिया अगाडि वढाउने एवम् अन्तिम लेखा परिक्षण प्रतिवेदनले औंल्याइएका वेरुजुहरुका सम्वन्धमा प्रमाण कागजात र पुष्टायाँइ संलग्न गरी समपरिक्षणका लागि महालेखा

परिक्षकको कार्यालयको डोर समक्ष पेश गर्ने निर्णय गरियो। साथै लेखा समितिको निर्णय तथा कार्यपालिकाको निर्णयानुसार लेखा परिक्षण प्रतिवेदनमा औंल्याइएको वेरुजुहरुको फछ्यौट तर्फ आवश्यक कारवाही गरी सुझावहरुको प्रभावकारी रुपमा कार्यान्वयन गर्ने निर्णय गरियो।

३. निजि वन दर्ता गर्ने सम्वन्धमा:,

निजि वन दर्ता गराइ पाउँ भनी नीलकण्ठ नगरपालिका वडा नं.८ का देहायका व्यक्तिहरुले डिभिजन वन कार्यालय धादिङको च.नं. ८४१ मिति २०८२/०९/०६ गतेको पत्रवाट सिफारिस सहित निवेदन पेश गरेकाले वन नियमावली, २०७९ (पहिलो संशोधन २०८० सहित) को दफा ८१ (३) मा स्थानीय तहले निजि वन दर्ता गर्ने प्रावधान भएको र नीलकण्ठ नगरपालिकाको वातावरण तथा प्राकृतिक स्रोत संरक्षण ऐन,२०७७ को दफा (२) मा कार्यपालिकाले निजि वन दर्ता गरी प्रमाणपत्र दिने भन्ने व्यवस्था भए वमोजिम निजहरुको तपसिलको कित्ता र क्षेत्रफलको निजि वंन दर्ता गर्न उपयुक्त देखिएकाले उल्लिखित व्यक्तिहरुको नाममा निजि वन दर्ता गर्ने र दर्ता गर्दा लाग्ने शुल्क रु १०००।-(एक हजार रुपैया मात्र) लिइ दर्ता प्रमाणपत्र प्रदान गर्ने निर्णय गरियो। साथै निजि वन दर्ता गर्ने नियमित प्रकृतिको कार्य भएको र नीतिगत निर्णय नभएकोले सोको कार्य प्रमुख प्रशासकीय अधिकतस्तरको निर्णयवाट हुनर् गरी जिम्मेवारी तोक्ने निर्णय गरियो।

तपसिल

| सि.नं. | जग्गा धनीको नाम | जग्गाको विवरण | | |
|---|---|---|---|---|
| | | कि.न. | ठेगाना | क्षेत्रफल |
| १ | हरिकुमार श्रेष्ठ, नीलकण्ठ नगरपालिका वडा नं.८, धादिङ। | १२५ | साविक मुरलीभञ्ज्याङ्ग १ (ख) | १-४-३-१ |
| २ | छोप नारायण श्रेष्ठ, नीलकण्ठ नगरपालिका वडा नं.८, धादिङ। | १२४ | साविक मुरलीभञ्ज्याङ्ग १ (ख) | ०-११-०-० |
| ३ | शिवलाल श्रेष्ठ, नीलकण्ठ नगरपालिका वडा नं.८, धादिङ। | १२३ | साविक मुरलीभञ्ज्याङ्ग १ (ख) | १-५-३-१ |

४. नयाँ ट्र्याक निर्माण सम्वन्धी योजना सम्झौता तथा कार्यान्वयन गर्ने सम्वन्धमा।

क. नीलकण्ठ नगरपालिकाको १७ औं अधिवेशनको निर्णय नं. २१ अनुसार नगरक्षेत्रमा हुने सडक पूर्वाधार निर्माण गर्दा नयाँ कटिङलाई न्यूनिकरण गर्ने निर्णय भएकोमा चालु आ.व.२०८२/०८३ मा कार्यान्वयन हुने गरी नगर सभावाट विनियोजन भएको मस्याङ्गछाप

भञ्ज्याङ देखी स्कुल जाने वाटो स्तरोउन्नती नी.न.पा. ७ मा रु ३०००००।- (अक्षेरुपी तीन लाख) विनियोजन भएकोमा विनियोजित रकमवाट नयाँ ट्रायक (सडक) खोल्नुपर्ने भइ वडा कार्यालयको प.स.२०८२/०८३ च.न. ८७१ मिति २०८२/१०/१३ को प्राप्त सिफारिस सहित योजना कार्यान्वयनका लागि पेश भएको हुदाँ उक्त योजना कार्यान्वनयका लागि स्वीकृति दिने निर्णय गरियो। साथै उक्त योजना कार्यान्वयन पश्चात प्राविधिक मूल्याङ्कनका आधारमा आउने रकम भुक्तानी दिने गरी योजना सम्झौता तथा कार्यान्वनय गर्ने निर्णय गरियो।

५. <u>मिति २०८२ पौषमसान्त सम्मको आर्थिक तथा वित्तिय प्रगति समिक्षाका सम्वन्धमाः,</u>
नीलकण्ठ नगरपालिकाको आ.व.२०८२/०८३ का लागि १७ औं नगर सभाले स्वीकृत गरेको नीति, कार्यक्रम तथा वजेटको अधिनमा रही नेपाल सरकार, प्रदेश सरकार, स्थानीय सरकार एवम् अन्य विभिन्न निकायहरुवाट प्राप्त स्रोतलाई एकीकृत रुपमा विभिन्न योजना तथा कार्यक्रमहरुमा विनियोजन गरी कार्यान्वयन गरिदै आएकोमा मिति २०८२ साल पौषमसान्त सम्म भएको आय व्ययसहितको आर्थिक तथा वित्तिय प्रतिवेदन उपर छलफल गरी स्वीकृत गर्ने निर्णय गरियो। साथै सो अवधीमा आ.व.२०८२/०८३ का लागि १७ औं नगर अधिवेशनवाट विनियोजन भएका योजना तथा कार्यक्रमहरु कार्यान्वयन भै आवश्यक प्रमाण, कागजातहरु तथा भुक्तानीका लागि आवश्यक पर्ने निस्साहरुका आधारमा भएको सम्पूर्ण भुक्तानी खर्च अनुमोदन गर्ने निर्णय गरियो।

६. <u>मिति २०८२ पौषमसान्त सम्मको जिन्सी प्रतिवेदन समिक्षाका सम्वन्धमाः,</u>
नीलकाण्ठ नगरपालिकाको दैनिक कार्यालय सञ्चालनका लागि विभिन्न फर्महरुवाट कार्यालयलाई आवश्यकता भै खरिद भएका एवम् अन्य स्रोतवाट कार्यालयको माग र आवश्यकताका आधारमा प्राप्त भएका सम्पूर्ण खर्च भएर जाने तथा खर्च नभएर जाने जिन्सी सामाग्रीहरुको मिति २०८२ साल पौषमसान्त सम्मको जिन्सी प्रतिवेदन समिक्षा गरी स्वीकृत गर्ने निर्णय गरियो।

७. मिति २०८२ पौष मसान्त सम्मका सम्पूर्ण निर्णयहरु उपर समिक्षा गर्ने सम्वन्धमा:,

यस नगरपालिकाको आ.व. २०८२/०८३ को पुषमसान्तसम्मको वजेट तथा कार्यक्रम लगायत नगर कार्यापालिकाको कार्यालय एवम् मातहतका सम्पूर्ण शाखागत कार्यालयहरुमा दैनिक प्रशासन सञ्चालनका सन्दर्भमा भएका सम्पूर्ण कामकाज तथा कार्यसम्पादनका सम्वन्धमा भएका सम्पूर्ण निर्णयहरु उपर छलफल तथा समिक्षा गरियो। साथै नगर कार्यपालिकाको कार्यालय एवम् सम्पूर्ण मातहतका कार्यालयहरुवाट कार्यसम्पादन गर्दा सेवाग्राही तथा आम नागरिकहरुलाई केन्द्रमा राखी छिटो र सहज किसिमले पारदर्शीता कायम गरी सेवा उपलब्ध हुने गरी आवश्यक व्यवस्था मिलाउनेसमेत निर्णय गरियो।

८. अन्य विविध विषयहरुका सम्वन्धमा:,

क.नेपालको संविधानको प्रस्तावनामै वहुजातीय, वहुभाषिक, वहुधार्मिक, वहुसांस्कृतिक तथा भौगोलिक विविधतायुक्त विशेषतालाई आत्मसात् गरी विविधतावीचको एकता, सामाजिक सांस्कृतिक ऐक्यवद्धता, सहिष्णुता र सद्भावलाई संरक्षण एवम् प्रवर्धन गर्दै, वर्गीय, जातीय, क्षेत्रीय, भाषिक, धार्मिक, लैगिक विभेद र सवै प्रकारका जातीय छुवाछुतको अन्त्य गरी आर्थिक समानता, समृद्धि र सामाजिक न्याय सुनिश्चित गर्न समानुपातिक समावेशी र सहभागितामूलक सिद्धान्तका आधारमा समतामूलक समाजको निर्माण गर्ने संकल्प गर्ने उल्लेख भएको छ, यस सन्दर्भमा नीलकण्ठ नगरपालिका सिमित साधन स्रोतका वावजुत सामान एवम् समतामूलक नगर निर्माणमा क्रमिक रुपमा अगाडि वढिरहेको अवस्थामा नगरपालिका भित्र वसोवास गर्ने मगर जातिको मुख्य पर्वका रुपमा रहेको माघे सक्रान्ती पर्वमा पञ्चे वाजा प्रतियोगिता र विविध सांस्कृतिक कार्यक्रम आयोजना गरी हर्ष र उल्लासपूर्ण रुपमा मनाइएको हुँदा उक्त कार्यक्रम आयोजनामा नीलकण्ठ नगरपालिकाको चालु आ.व.२०८२/०८३ मा विनियोजन भएको विविध चालु खर्चवाट भुक्तानी लेख्ने गरी रु १,००,०००।- (अक्षेरुपी एक लाख) आवश्यक कागजातको आधारमा भुक्तानी दिने निर्णय गरियो।